स्थानीय सरकार

# गोकुलगंगा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रस्नालु रामेछाप

बागमती प्रदेश, नेपाल

प.सं. :- ०८३/८४

च.नं. :- ६०

मिति :- वि.सं. २०८३/०४/१५

ने.स. :- ११४६ दिल्लागा,२ शुक्रवार

विषयः सूचनाको हक सम्बन्धि सार्वजनिक सूचना विवरण पठाईएको बारे ।

श्री राष्ट्रिय सूचना आयोग , त्रिपुरेश्वर, काठमाण्डौं

श्री जिल्ला प्रशासन कार्यालय, मन्थली रामेछाप

श्री जिल्ला हुलाक कार्यालय, मन्थली रामेछाप

प्रस्तुत बिषयमा यस गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ मिति २०८३/०१/०१ देखि २०८३ असार मसान्त सम्म सम्पादन गरेको काम कारवाही अनुसारको विवरण सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरी सोको विवरण यसै पत्र साथ संलग्न राखि जानकारी पठाईएको व्यहोरा अनुरोध छ ।

..............................

(दिनेश भट्टराई)

प्रमुख प्रशासकीय अधिकृत

"शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार हाम्रो गाउँपालिकानिर्माणको आधार"

Website: www.gokulgangamun.gov.np | Email: info@gokulgangamun.gov.np

गोकुलगंगा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रत्नालु, रामेछाप

बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८३/०८४

चलानी नं. :-

मिति :- २०८३/०४/१५

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) / सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण

(मिति २०८३/०१/०१ देखि २०८३ अषाढ सम्मको विवरण)

१. गाउँपालिकाको स्वरूप र प्रकृति :

गोकुलगंगा गाउँपालिका बि.स. २०७३ साल फाल्गुण २७ गते स्थापना भई बिभिन्न समयमा जारी भएका कानून बमोजिम तोकिएको कार्य, जिम्मेवारी सहित अविछिन्न सेवा प्रबाह गर्दै आएको छ । नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम संघीय संरचना अन्तर्गत स्थानीय सरकारको रुपमा अवस्थित गाउँपालिका हो ।

२. गाउँपालिकाको काम, कर्तब्य र अधिकार :

यस गाउँपालिका नेपालको संबिधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ र बागमती प्रदेशले कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन र निर्णयहरु समेतले तोके बमोजिमको काम, कर्तब्य र अधिकार निर्दिष्ट छ ।

३. गाउँपालिकामा रहने कर्मचारी विवरण :

यस गाउँपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या कर्मचारीहरुको सेवा समुह तह समेतको बिस्तृत विवरण र गाउँपालिकाको संगठन संरचना समेत गाउँ सभाबाट स्वीकृत भए बमोजिम काम कारबाही भईरहेको छ । कार्यरत पदाधिकारी एबं कर्मचारीहरुको विवरण यस गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा समेत राखिएको छ ।

४. गाउँपालिकाबाट प्रदान गरिने सेवा :

नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ र बागमती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एबं यस गाउँपालिकाको स्थानीय कानूनहरु (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत) निर्णयहरु तथा गाउँपालिकाको अविछिन्न अभ्यासहरुको अधिनमा रही स्थानीय सरकारको रुपमा सेवा प्रवाह तथा सुबिधाहरु प्रदान गरिएको छ ।



**Website :** www.gokulgangamun.gov.np | **Email :** info@gokulgangamun.gov.np | **Phone No. :** 9854043640

पत्र संख्या :- २०८३/०८४

चलानी नं. :-

मिति :- २०८३/०४/१५

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :

यस गाउँपालिकाबाट सेवा सुबिधा प्रबाह गर्न बिषयगत शाखाहरु, ६ वटा वडा कार्यालयहरु, ६ वटा स्वास्थ्य चौकी, १ वटा सामुदायिक स्वस्थ केन्द्र, १ वटा अस्पताल रहेका छन । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारी, गुनासो सुनुवाई अधिकारी, शाखा प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण गाउँपालिकाको www.gokulgangamun.gov.np मा समेत उल्लेख गरिएको छ ।

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

यस गाउँपालिकाले प्रदान गर्ने बिभिन्न प्रकारको सेवा सुबिधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी बिबरण गाउँपालिकाले हरेक आर्थिक वर्षका लागि गाउँसभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम, बजेट, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय कानुन, सार्वजनिक सेवा वडापत्र समेतबाट निर्धारण गरिएको छ । यस सम्बन्धी व्यवस्था गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा समेत उल्लेख गरिएको छ ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

यस गाउँपालिकाको गाउँ सभा, गाउँ कार्यपालिकाको बैठक, संघिय, बागमती प्रदेश कानुन र स्थानीय (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत) निर्णयहरु तथा गाउँपालिकाको अविछिन्न अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्य सम्पादन गर्नका निमित्त गाउँ सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पस्ट तोकिएको छ । गाउँपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारबाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य गाउँ सभा र गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, बिषयगत समिति तथा अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

८. गुनासो सुन्ने अधिकारी/निर्णय उपर उजुरी सुन्ने अधिकारी :

यस गाउँपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि गाउँपालिकाको शिक्षा अधिकृत श्री नरेन्द्र सिंह भण्डारीलाई गुनासो सुन्ने अधिकारी तोकिएको छ । निर्णय उपर उजुरी सुन्ने अधिकारीको हकमा(प्रचलित कानूनले व्यवस्था गरे बमोजिम अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत) ।

पत्र संख्या :- २०८३/०८४

चलानी नं. :-

मिति :- २०८३/०४/१५

९. सम्पादन गरेको कामको विवरण :

यस गाउँपालिकाले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, संघ, बागमती प्रदेश र स्थानीय कानूनले तोके बमोजिम स्थानीय सरकारको रुपमा गाउँपालिकाले गर्न सक्ने कार्यहरु गर्दै आईरहेको छ । सोको अलवा बिशेष कार्यहरु निम्नानुसार रहेका छन् ।

१. पुर्बाधार विकास तर्फ :

- आ.व. २०८२/०८३ मा ठेक्का मार्फत संचालान हुने १८ वटा योजनाहरु स्थलगत निरीक्षण अनुगमन, मुल्याकन सम्पन्न ।
- १८ वटा कार्यक्रम/योजनाहरु मध्ये १८ कार्यक्रम/योजनाहरु सम्पन्न भएको १ योजना भुक्तानी बाकि रहेका ।
- वाडागत योजनाहरुको अवस्था ।

| क्र.स. | वार्ड | जम्मा योजना संख्या | सम्झौता बाकि भएका योजनाहरु | संचालनमा रहेका योजनाहरु | सम्पन्न भएका योजनाहरु | भुक्तानी भएका योजनाहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | TD/Cor | १८ | | | १८ | १७ | |
| २ | १ | ४९ | | | ४९ | ४९ | |
| ३ | २ | ५० | | | ५० | ५० | |
| ४ | ३ | ४९ | | | ४८ | ४८ | |
| ५ | ४ | ४३ | | | ४० | ४० | |
| ६ | ५ | ४५ | | | ४० | ४० | |
| ७ | ६ | २८ | | | २८ | २८ | |
| जम्मा | | २८२ | | | २७३ | २७१ | |
| प्रतिशत | | | | | | ९६ % | |

२. आर्थिक विकास तर्फ :

- आर्थिक वर्ष २०८२/८३ का लागि कुल रु. ५७३०७४०१७ ( संसोधन सहित) आय व्यय प्रक्षेपण गरिएकोमा २०८३ वैशाख देखि असार मसान्त सम्म कुल रु. १५५७००७५१.३१ आम्दानी प्राप्त भएको छ।
- कुल आय अनुमान मध्ये चौथो त्रैमासिकमा २७.१६ प्रतिशत आम्दानी भएको छ।
  खर्च तर्फ चालुमा रु. ३११८१४०१७ विनियोजन भएकोमा चौथो त्रैमासिक अर्थात् २०८३ वैशाख देखि असार मसान्त सम्म कुल रु. ११०००३७२९.७९ खर्च भएको छ जुन कुल विनियोजनको २८.०८ प्रतिशत हो। त्यस्तै पूँजीगत तर्फ रु. १८१२६०००० विनियोजन भएकोमा चौथो त्रैमासिक मा रु. ८९९४९४६१.०८ अर्थात् ४९.६२ प्रतिशत खर्च भएको छ।
  समग्रमा चौथो त्रैमासिकमा कुल विनियोजन रु. ५७३०७४०१७ मध्ये रु. १९९९५३१९०.८७ अर्थात् चौथो त्रैमासिकमा ३४.८९ प्रतिशत खर्च भएको छ।



Website : www.gokulgangamun.gov.np | Email : info@gokulgangamun.gov.np | Phone No. : 9854043640

३. योजना तथा अनुगमन तर्फ :

- आ.ब.२०८२/०८३ को चैत्र देखि असार मसान्तसम्म गाउँपालिकाबाट स्वीकृत भएका आयोजनाहरुमध्ये ७४ वटा आयोजनाको सम्झौता गरिएको छ जसअनुसार यस आ.व.मा उपभोक्ता समिति र ठेक्का पट्टा मार्फत जम्मा ३०५ वटा आयोजना सम्झौता भएका छन् समग्ररुपमा यस आ.व.मा छनौट भएका आयोजना तथा कार्यक्रम मध्ये ९७.७६ प्रतिशत आयोजना सम्झौता सम्पन्न भएको हो ।
- आ.ब.२०८२/०८३ को चैत्र देखि असार मसान्तसम्म सम्झौता भएका आयोजना मध्ये १८७ ओटा आयोजनाको निर्माण कार्य सम्पन्न गरि भुक्तानी सम्पन्न भएको गरिएको छ जसअनुसार आ.व. २०८२/०८३ मा २९८ वटा आयोजनाको भुक्तानी भएको छ समग्ररुपमा सम्झौता भएको आयोजना को ९७.७० प्रतिशत आयोजनाको भुक्तानी भएको छ ।

४. सामान्य प्रशासन तर्फ :

- विभिन्न पत्र—पत्रिकाको दर्ता र फाइल प्रणाली व्यवस्थित राखिएको ।
- कर्मचारी हाजिरी, बिदा, सरुवा र सेवासम्बन्धी अभिलेख अद्यावधिक भएको ।
- कार्यालयका सम्पत्ति, फर्निचर, उपकरण, गाडी आदि अभिलेख अद्यावधिक राखिएको ।
- विभिन्न निर्णय (सभा तथा कार्यपालिका), आदेश, निर्देशनहरू अभिलेख गरी सम्बन्धित शाखा वा व्यक्तिलाई पठाउने कार्य भएको । साथै गोप्य दस्तावेज सुरक्षित राख्ने कार्य भएको ।
- अन्य शाखासँग सहकार्य गरी कार्यक्रम तथा परियोजना कार्यान्वयनमा सहयोग गरिएको ।
- सरसफाइ, अनुशासन, कार्यालय वातावरण, समयपालन र सेवा प्रवाहमा सुधार ल्याईएको ।
- प्रशासनिक नीति तथा नियमावली कार्यान्वयनमा सघाईएको ।
- कार्यालय प्रमुखको निर्देशनअनुसार अन्य प्रशासनिक कार्य गरिएको ।
- कार्यालयका सबै सामान, उपकरण, फर्निचर, सवारी साधन, कार्यालय सामग्री आदिको अभिलेख राखि मर्मत आदेश तथा मर्मत सम्पन्न अभिलेख तयार पारिएको ।
- सामान प्राप्त हुँदा रसिद दर्ता, गुणस्तर जाँच र भण्डारणको जिम्मेवारी लिने कार्य भएको ।
- दैनिक, मासिक र वार्षिक रुपमा जिन्सी अभिलेख अद्यावधिक गर्ने कार्य PAMS V2 सफ्टवयर मार्फत भइरहेको ।
- खपत भएका, बिग्रेका वा नचाहिने सामग्रीको विवरण तयार गर्ने कार्य भईरहेको ।
- सामानको मर्मत, सरसफाइ र व्यवस्थापन सुनिश्चित गर्ने कार्य भएको ।
- जिन्सी निरीक्षण, गोप्य स्टक जाँच र लेखा जोखा तयार गर्ने कार्य भईरहेको ।

- अन्य शाखासँग सहकार्य गरी परियोजना वा कार्यक्रम सञ्चालनमा आवश्यक सामग्री उपलब्ध गराउने कार्य भएको ।
- सामान हानी, चोरी वा गुम्ने विषयमा निगरानी गर्ने कार्य भईरहेको ।

५. रोजगार सेवा केन्द्र तर्फ :

- आ.व ०८२/०८३ मा स्विकृत भएको ज्याला वापतको रकमको आधारमा स्वीकृत भएका १५ वटा आयोजना तथा कार्यक्रमहरुको भुक्तानी सम्पन्न भएको ।
- बैदेशिक रोजगारबाट बिदामा नेपाल आएका १ जना व्यक्तिहरुको पुन श्रम स्वीकृति गरिएको छ जसअनुसार आ.व. २०८२-०८३ मा १५ जना व्यक्तिहरुको पुन श्रम स्वीकृति गरिएको छ ।
- आ.व. २०८३/०८४ को लागी जम्मा १७८१ जना बेरोजगार व्यक्ति सुचिकृत गरिएको छ जस्मा ९४७ पुरुष र ८३४ महिला रहेका छ ।
- बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशिलता प्रबर्द्धन कार्यक्रम अन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा उपकरण हस्तान्तरण गरिएको छ ।
- श्रमिकमाथि हुने भेदभावको उन्मुलन तथा श्रमिकलाई गरिने अमानविय ब्यबहारको अन्त्यका लागि श्रमको सम्मान रास्ट्रको अभियान अन्तर्गत श्रमिकको सम्मान गरिएको छ ।

६. कृषि तथा पशु पन्छी विकास तर्फ :

कृषि विकास तर्फः

- डिजिटल माटो परीक्षण ल्याव सञ्चालनको लागि उपकरण खरिद गरियो।
- ६ वटै वडाहरु ६ वटा होर्डिग बोर्ड रैथाने बालीहरुको चित्र झल्किने गरी राख्ने काम भयो।
- रैथाने वालीहरुको विउ र विउ प्रदर्शन सामाग्री खरिद गरीयो ।
- कार्यपालिकाका सदस्य कर्मचारी अगुवा कृषक र चमेनागृहका सञ्चालकद्वारा रैथाने बाली विशेष खाद्य परिकार बनाई रैथाने बालीको पोषण सुरक्षाबारे प्रचार प्रसार गरियो।
- सचेताना तालिमः खाद्य तथा पोषण सुरक्षामा रैथाने बालीको महत्व सम्बन्धी ६ वटै वडाहरुका महिला स्वास्थ्य स्वंयम सेविका र सुनौलो हजार दिनका आमा र वडा नं ३, ४ का माध्यमिक तहका बिद्यार्थीलाई तालिम दिइयो।
- पालिकाका कृषकहरुको माग अनुसार २५, ५०, ७५, ११२ के.जी को Metal Bin ५०% अनुदानमा वितरण भएको ।
- वडा नं १, २, ३ मा घुम्ती शिविर कार्यक्रम संचालन गरियो।
- शिविरमा देखिएका प्रमुख रोग निवारणका लागि बिषादी खरिद गरि पालिकाका कृषकहरुलाई बितरण गरियो।

पत्र संख्या :- २०८३/०८४
चलानी नं. :-
मिति :- २०८३/०४/१५

- वडा नं ३ मा तरकारी खेतिमा ३ दिने **IPM तालिम** संचालन गरियो।
- यान्त्रिकीकरणमा छनौट भएका कृषकहरुलाई ७ दिन भित्र सम्झौताका लागि सूचना प्रकाश गरि पहिला नपाएका, दुई वर्ष (आ.व. २०८०/८१ र ८१/८२) मा नदोहोरिएका फर्म/समुह/सहकारीलाई प्राथमिकता दिइ ४६ वटा फर्म/समूह /सहकारीका कृषकलाई कायदिश दिई सम्झौता अनुसार कृषकद्वारा कृषि यन्त्र खरिद भई भुक्तानी भएको ।
- कार्यक्रम अन्तर्गत श्री ससभूमे एग्रो एण्ड रिसर्च सेन्टर प्रा.लि.ले सम्झौता बमोजिम प्रशोधन तथा भण्डारणका लागि पूर्वाधार निर्माण काम सम्पन्न गरि भुक्तानी भएको ।
- कोल्स्टोर सञ्चालनको लागि आवश्यक बिद्युत जडान भएको ।
- श्री अर्किड कृषि पशुपंक्षी तथा होमष्टेलाई १००० के.जि.kiwi बिक्री गरेकोमा कार्यविधि अनुसार रु ५०००/- भुक्तानी भएको ।
- कृषक पासबुक र सर्वेक्षण फारम छपाई काम भएको ।

पशु विकास तर्फः

| क्र.स. | योजनाको नाम | कार्यक्रम योजना रहने स्थान | स्रोत | जम्मा बजेट रकम रु | खर्च भएको बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | औषधी तथा उपकरण खरीद | पशुपन्छी तथा मत्स्य विकास शाखा | राजस्व बाँडफाँड | १२ लाख | रु. ६,९५,४०४।- (५७.९५%) | औषधी खरी गरिएको |
| २ | वडा स्तरीय आधारभूत प्रयोगशाला स्थापना | | | ४ लाख ५० हजार | रु. ४,२३,४३८।- (९४.०९%) | वडा स्तरिय आधारभूत प्रयोगशाला स्थापना गरिए |
| ३ | किसानहरुको लागि क्षमता अभिवृद्धि तालिम | | | १ लाख ३० हजार | - | कार्यक्रम नगरिएको |
| ४ | कृतिम गर्भाधान कार्यक्रम | | | ३ लाख ५० हजार | - | कार्यक्रम नगरिएको |
| ५ | महामारी रोग तथा खोप व्यवस्थापन | | | २ लाख ५० हजार | - | हाल सम्म कु पनि महामारी तथा आकास्मि |

पत्र संख्या :- २०८३/०८४
चलानी नं. :-

मिति :- २०८३/०४/१५

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | . | | | | | रोग देखा नपरेको |
| ६ | व्यवसायिक खसी बाख्रा प्रर्वद्धन कार्यक्रम | | | ४ लाख | रु. १,९५,००० (४८%) | खोर निर्माण सुधार |
| ७ | व्यवसायिक कुखुरा पालन तथा मासु/अण्डा प्रर्वद्धन कार्यक्रम | | | ३ लाख | रु. ७४,९२५ (२४.९७%) | दाना तथा उपकरण ख |
| | | | जम्मा | ३० लाख ८० हजार | रु. १३,८८,७६७ | |

**संघीय र प्रदेश अन्तरर्गतको कार्यक्रमको**

| क्र.स. | अनुदान कार्यक्रम | जम्मा बजेट | खर्च भएको प्रतिसत | स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृतिम गर्भाधान मिसन कार्यक्रम | ५० हजार | २४,५००।— ४९% | संघीय शर्सत अनुदान | कृतिम गर्भाधानको लागी सिमेन तथा नाईट्रोजन र आवश्यक सामाग्री खरिद |
| २ | आ.व. २०८२/०८३ को गाई/भैसी पकेट विस्तार निरन्तरता कार्यक्रम | १३ लाख | ९,१२,६५४.७३।— ७०% | संघिय शर्सत अनुदान | गोठ निर्माण तथा सुधार र १४ गाई खरीद भएको |
| ३ | महामारी रोग | ५० हजार | ४९,०००।— ९८% | संघिय शर्सत अनुदान | Rabies vaccine खरिद भएको |
| ४ | बंगुर श्रोत केन्द्र कार्यक्रम | ५ लाख | ४,७५,११७.४२।- (९५.०७%) | संघिय शर्सत अनुदान | भाले बंगुर खरिद तथा खोर निर्माण |
| | जम्मा | रु. १९ लाख | ८,१९,५०२.३६।— (४३.१३%) | | |

७. पंजीकरण तर्फ :

- सामाजिक सुरक्षा भत्ता पास गर्ने चौथो त्रैमासिकका लागि १००% लाभग्राहीहरुको खाता validation Successful गरेको ।

- चौथो त्रैमासिकको २६५२ जनाको भत्ता रकम रु २७४२५१२९ EFT मार्फत लाभग्राहीको खातामा जम्मा गरेको ।
- पहिलो, दोस्रो र तेश्रो त्रैमासिकमा विविध कारणले छुटेका ११ जनाको भत्ता रकम रु २०२१६ EFT मार्फत लाभग्राहीको खातामा जम्मा गरेको ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने १२ जना लाभग्राहीको लगत कट्टा गरिएको ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने १२ जना लाभग्राहीको नयाँ सूचिकृत गरिएको ।

८. सूचना प्रबिधि तर्फ :

- गाउँपालिका कार्यालय र मातहतका कार्यालयलाई थप व्यवस्थित र प्रबिधिमैत्री बनाउने उदेश्यका साथ सूचना प्रबिधि बिभागबाट निशुल्क रुपमा उपलब्ध हुने कार्यालय ब्यबस्थापन सम्बन्धि पोर्टल र विद्युती हाजिरीको पोर्टल प्राप्त गर्न सबै प्रक्रिया पुरा गरी संचालनको चरणमा रहेको ।

९. उद्यम विकास तथा ब्यबसाय दर्ता शाखा तर्फ :

- उद्यम विकास तर्फः
  - प्रविधि सहयोग हस्तानतरण कार्यक्रम अन्तरगत गोकुलगंगा गाउँपालिका वडा नं १ चुचुरेमा मौरीपालन तालिम लिएका १६ जना सहभागीहरुलाई मौरी सहितको घार वितरण गर्ने कार्य सम्पन्न छ भने वडा नं ३ रस्नालुमा तरकारी खेती तालिम लिएका २१ जना सहभागीहरुलाई तरकारी उत्पादनमा थप प्रोत्साहन गर्नका निमित्त पलास्टिक टनेल वितरण गरएिको छ ।
  - उद्यमीहरुको स्तरोन्नतीका तर्फ वडा नं ६ फर्पूमा अनुगमन,मुल्यांकन तथा प्रतिवेदनका आधारमा गत वर्ष मेड्पा कार्यक्रमवाट श्रृजना भएका १६ जना सक्रिय उद्यमीहरुलाई व्यवसाय विस्तार तथा उत्पादनमा वृद्धि गर्ने उद्धेश्यले पलास्टिक टनेल वितरण गरिएको छ ।
  - लघु उद्यमीहरुको वित्यि पहुँच तथा वजार व्यवस्थापन अभिवृद्धि गर्ने उद्धेश्यले वडा नं १,चुचुरे र वडा नं ३ रस्नालुमा लघु उद्यमीहरु,वचत तथा ऋण सहकारी संस्था,कृषी सहकारी संस्था,वैक तथा वित्तिय सस्थाका प्रमुख तथा प्रतिनिधिहरु,जनप्रतिनिधिहरुको सहभागीतामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । उक्त कार्यक्रम मार्फत लघु उद्यमीहरुको वित्तिय सेवा पहुँमा अभिवृद्धि,उत्पादित वस्तु तथा सेवाको वजारीकरण,उद्यम प्रवद्र्धन तथा विभिन्न सरोकारवाला निकायहरु विच समन्वय र सहकार्यलाई थप सुदृढ बनाउन महत्वपुर्ण छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

- व्यवसाय दर्ता तर्फ :
  - गोकुलगगा गाउँपालिका वडा नं १ देखी वडा नं ६ सम्म बजार अनुगमन गरिएको छ।

- अनुगमनमा दर्ता नभएका पसल होटल हरुलाई दर्ता गरी संचालन गर्न अनुरोध गरीयो ।साथै अनुगमनमा भेटीएका म्याद नागेका सामान प्रहरी रोबरमा नष्ट गरीयो ।
- गोकुलगंगा गाउँपालिकामा दर्ता भएका तर निबकरण नभएका प्रत्येक व्यवसाईहरुलाई ७ दिन भत्र नबिकरण गर्नभनी पत्र पठाई व्यवसाय नबिकरण बृद्धी गरीयो ।
- गोकुलगंगा गाउँपालिकावाट अनुदान लीई संचालनमा रहेका उध्योग होटलहरुको अनुगमण गरी ।

१०. शिक्षा तथा सामाजिक विकास तर्फ :

- वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरी सम्पूर्ण विद्यालयहरूमा शैक्षिक एकरूपताका साथ लागू
- विद्यार्थी संख्या न्यून भएका विद्यालयहरूको कक्षा घटुवा (डाउनग्रेड) र समायोजन गरि विद्यालय समायोजन र दरवन्दी मिलान,
- २०८३ वैशाख महिनामा विद्यार्थी भर्ना अभियान सञ्चालन
- एकीकृत पाठ्यक्रम, आइसिटी (ICT), र इमिस (IEMIS) सम्बन्धी क्षमता विकास तालिमहरू सञ्चालन
- गाउँपालिकाको ५०% लगानीमा एमबिबिएस (MBBS) डाक्टर र नर्स अध्ययन छात्रवृत्ति छनोट गरी छात्रवृत्ति भूक्तानी ।
- अतिरिक्त क्रियाकलाप तथा माध्यमिक विद्यालयहरूको स्काउट कार्यक्रम र भूक्तानी ।
- संघीय सरकारबाट ससर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरू- दिवा खाजा कार्यक्रम, निशुल्क पाठ्यपुस्तक, कक्षा ५ सम्म छात्रा र दलित छात्रवृत्ति कार्यक्रम, कक्षा १२ सम्मका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड, बिपन्न लक्षित छात्रवृत्ति र शिक्षक कर्मचारीहरुको अन्तिम त्रैमासि तलबभत्ता निकासा ।

११. महिला बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ :

- बालमैत्री स्थानीय शासन अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो ।
- २ पोषणमैत्री स्थानीय शासन अभिमुखिकरण कार्यक्रम सम्पंन्न गरियो ।
- आमाबाबु विहिन बालबालिकासंरक्षण कार्यक्रम सम्पन्न गरियो ।
- ४ सि वि आर कार्यक्रम अन्तर्गत ह्विलचेअर,डाईपर,कुसन खरिद गरियो ।
- ५. ज्येष्ठ नागरिक कार्ड ६ ओटा वितरण गरियो ।
- ६. अपाङ्ग कार्ड ३ ओटा वितरण गरियो ।

१२. स्वास्थ्य शाखा तर्फ :

- निरन्तर भईरहने स्वास्थ्य संस्थाहरुको मासिक बैठक सम्पन्न भएको ।
- निरन्तर भईरहने स्वास्थ्य संस्थाहरुको मासिक बैठक सम्पन्न भएको
- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराईरहेको, क्यान्सर रोगी बिरामीहरुलाई औषधि

पत्र संख्या :- २०८३/०८४

चलानी नं. :-

मिति :- २०८३/०४/१५

- उपचार खर्च वापत मासिक रु. ५००० को दरले असार महिना सम्म भुक्तानि भएको
- स्वास्थ्य सेवा पहुच अभिबृदी गर्ने उदेश्यले विभिन्न शिबिरहरु जस्तै (आखा शिविर, RH/VIA)
- संचालन गरिएको
- मुख्यमन्त्री जनता कार्यक्रम नियमित रुपमा हरेक महिनाको १८ गते संचालन भइरहेको
- विभिन्न स्वास्थ्य सम्बन्धि दिवसहरु मनाइयो जस्तै : MENSTRUAL DAY, HIV
- DAY, TUBERCULOSIS DAY
- क्षयरोगका जोखिम समुदायमा सक्रिय क्षयरोग खोजपड्ताल कार्यक्रम AI X-RAY MACHINE
- मार्फत सम्पन्न गरियो
- अस्पतालमा ANTI-RABIES खोप व्यवस्थापन भएको
- स्वास्थ्य कार्यक्रमको अर्धवार्षिक कार्यक्रम गरियो
- राष्ट्रिय भिटामिन ए क्याप्सुल र जुकाको औषधि आम वितरण कार्यक्रम बैशाख मा सम्पन्न
- गरियो
- प्रजनन रुग्णता सम्बन्धि VIA SCREENING कार्यक्रम संचालन गरि जम्मा १७२ जनाको
- SCREENING गरिएकोमा १ जना VIA POSITIVE देखिएकोले थप परिक्षण र व्यवस्थापनको
- लागि रेफर गरिएको
- महिला स्वास्थ्य स्वमंसेविकहरुलाई १० दिने आधारभूत तालिम संचालन गरियो
- स्वमंसेविकहरुलाई परिवार योजना सेवा सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो
- खोपबाट बच्न सक्ने रोगहरुको खोजपड्ताल तथा निगरानी गरियो
- पूर्ण खोप सुनिश्चितता तथा दिगोपना वडा स्तरीय र पालिका स्तरीय घोषणा कार्यक्रम
- सफलतापुर्वक सम्पन्न गरियो
- वडा नं. १,२ र ३ मा किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था प्रमाणीकरण घोषणा भएको
- स्वास्थ्य शाखाको आगामी आ.व ०८३/८४ को नीति तथा कार्यक्रम तयार गरिएको

१३. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद :

कार्यालय प्रमुखको नाम : दिनेश भट्टराई

पद : प्रमुख प्रशासकीय अधिकृत

ईमेल ठेगाना : info@gokulgangamun.gov.np

सम्पर्क नं. : ९८५४०४३६४०

सूचना अधिकारीको नाम : संजय कुमार सुनुवार

पद : सूचना प्रबिधि अधिकृत

पत्र संख्या :- २०८३/०८४
चलानी नं. :-

मिति :- २०८३/०४/१५

इमेल ठेगाना : ito.gokulgangamun@gmail.com

सम्पर्क नं. : ९८६३०२३०१८

१४. ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको सुची :

गोकुलगंगा गाउँपालिकासंग सम्बन्धित संघीय र बागमती प्रदेश कानून बाहेकका स्थानीय ऐन, नियमावली, कार्यविधि तथा मापदण्ड परिपालना गरिरहेको छ ।उक्त स्थानीय कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी कानुनी प्रबन्धहरुको बिस्तृत दस्ताबेज र सुची गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा राखिएको छ ।

१५. तोकिए बमोजिम अन्य विवरणहरु :

नियमानुसार तोकिए बमोजिमका अन्य विवरण समेत यस गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा राखिएको छ ।

१६. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :

यस गाउँपालिकासंग सम्बन्धित सन्क्षिप्त विवरण एवं सूचनाहरुको जानकारीको लागि गोकुलगंगा गाउँपालिकाको वेबसाइट तथा फेसबुक @gokulgangamun.rasnalu समेत संचालन गरी सूचन प्रकाशन तथा जानकारी गराउने गरेको छ ।

१७. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राबिधिक सहयोग र सम्झौता सम्बन्धि विवरण :

नेपाल सरकार, बागमती प्रदेश सरकारबाट अन्तर सरकारी बित्त ब्यबस्थापन ऐन २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राबिधिक सहयोग र सम्झौता सम्बन्धि भए गरेका सोको बिस्तृत विवरण गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा राखिने छ ।

१८. सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामवली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :

पत्र संख्या :- २०८३/०८४

चलानी नं. :-

मिति :- २०८३/०४/१५

यस गाउँपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्यांक एवं आवश्यक दस्ताबेजहरुको वर्गीकरण गरी त्यस्ता सूचनाहरु गाउँपालिकाले प्रचलित ऐन, नियमावली अनुसार सुरक्षित राख्ने गरिएको छ ।

१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निबेदन र सो उपर सूचना दिएको विवरण :

यस अवधिमा गाउँपालिकामा नियमानुसार सूचना माग सम्बन्धि निबेदन प्राप्त नभएको ।

२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण :

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको तथा स्थानीय स्तरको दैनिक पत्र पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण गाउँपालिकाको वेबसाइट तथा फेसबुक पेजमा राख्ने गरिएको छ ।

सूचना अधिकारी
संजय कुमार सुनुवार
गोकुलगंगा गाउँपालिका, रस्नालु रामेछाप